२०७१ भाद्र १५ आइतबार ३१-०८-१४ ओम् शान्ति "अव्यक्त बापदादा" रिवाइज १०-१२-७८ मधुबन

विस्तारलाई नहेरेर सार अर्थात् बिन्दुलाई हेर

मधुवन निवासी अर्थात् मधुरताको सागरमा सदा लहराउनेवाला । बाप-दादाको विशेष कर्मभूमि, चरित्र भूमि, मधुर मिलन-भूमि वा महान् पुण्य-भूमि– यस्तो भूमिका सदा निवासी, कति महान् आत्माहरू हौ ? निराकार बाबालाई पनि यस साकार भूमिसँग विशेष स्नेह छ, यस्तो भूमिको निवासी स्वयम्ले पनि सदा यस्तो अनुभव गर्छौ ? मधुवन अर्थात् मधुर भूमि । वृत्तिको पनि मधुरता, वाणीको पनि मधुरता र हर कर्ममा पनि सदा मधुरता । जस्तो भूमि त्यस्तै भूमिमा रहनेवाला महान् आत्माहरू । मधुवनबाट जो पनि आत्माहरू अनुभव गरेर जान्छन्, उनीहरूले पनि के भन्छन् ? मधुवन हो संगमयुगी स्वर्ग अर्थात् स्वर्गभूमिमा रहनेवाला । अहिले पनि स्वर्ग अनि भविष्यमा पनि स्वर्ग, त्यसैले डबल स्वर्गका अधिकारी कति विशेष भए ! बाप-दादा आज खास मधुवन निवासीहरूसँग मिल्न आउनुभएको छ । बाबा सोध्नुहुन्छ स्वर्गको विशेषता अथवा स्वर्गको विशेष गायन के छ ? स्वर्गको विशेष गायन छ "सदा सम्पन्न अर्थात् अप्राप्त छैन कुनै वस्तु स्वर्गको खजानामा ।" चाहे संगमयुगी स्वर्ग वा भविष्यको स्वर्ग, दुवैको यो एउटै विशेषता गायन गरिएको छ । त्यसैले मधुवन निवासी अर्थात् संगमयुगी स्वर्ग निवासी यस्तो सम्पन्न स्थितिको अनुभव गर्छौ, जसमा महसुस होस् कि हामी सदा तृप्त आत्माहरू हौं ? जस्तै, इच्छा मात्र अविद्याको संस्कार भविष्य स्वर्गमा स्वाभाविक हुन्छ त्यस्तै मधुवन निवासीहरूको यो स्वाभाविक संस्कार छ ? स्वर्गवासी अर्थात् यी सबै कुराहरूमा स्वाभाविक संस्कार स्वरूप छौ ? कसैले पनि तपाईं कहाँको निवासी हुनुहुन्छ भनेर सोधेमा बडो गौरवसँग, खुशीसँग भन्दछौ– हामी मधुवन निवासी हौं ? मधुवनवासीको मानौं छाप लागेको छ । साथ-साथै जस्तो स्थान त्यस्तै स्थितिको छाप पनि त हुनुपर्छ । जसरी कोल्ड स्टोरमा जाँदा जस्तो स्थान त्यस्तै स्थिति स्वतः हुन्छ । त्यसैगरी, मधुवनको जुन महिमा छ त्यस्तै संस्कार बनेको छ ? किनकि साकार रूपमा लक्ष्य स्वरूप सबैको अगाडि मधुवन छ, नक्कल सबैले मधुवनको गर्छन् । कसैको पनि स्थितिमा हलचल भयो भने अचलघर मधुवन याद आउँछ, मधुवन अचलघरमा गयौं भने अचल हुनेछौं । यस्तो भावनाले, शुभ कामनाले यस पुण्य भूमिमा सबै आउँछन् । जब अनेक आत्माहरूलाई हलचलको साधन मिल्ने स्थान अचलघर मधुवन हो भने मधुवनमा रहनेवाला पनि सदा अचल हुनुपर्छ । यस्तो अवस्था अनेक आत्माहरूलाई मार्ग दर्शन गराउनेवाला हुन्छ किनकि मधुवन हो लाइट हाउस । सबै सेवाकेन्द्रहरूलाई सहयोग दिनेवाला मधुवन निवासी हुन् । सदा संकल्प, वाणी वा कर्मद्वारा एक-अर्काको सहयोगी हौ भने साथीहरूको पनि सहयोगी हौ । सबै बच्चाहरूलाई एक वर्ष मिल्यो रिजल्ट निकाल्नको लागि । त्यसैले एक वर्षमा अब के परिवर्तन ल्याएका छौ, जसलाई सुनेर अरू सुन्नेवाला स्वयम् परिवर्तन होऊन् ? जसरी कति पटक देखेका छौ होला– कुनै-कुनै आत्माहरूले जब आफ्नो सच्चा दिलबाट, उमंगबाट, बाबाको स्नेहसहित अनुभव सुनाउँदा अनुभव सुन्दा-सुन्दै अनेक आत्माहरू परिवर्तित हुन पुग्छन् । एकको परिवर्तनले अनेक आत्माहरूलाई परिवर्तन गर्ने साधन बन्न पुग्छ । त्यसैले यस्तो परिवर्तन भएको छ, जो अनेकौंका लागि एउटा उदाहरण रूपमा छौ ? एक वर्षमा यस्तो कुनै गजबको अनुभव भएको छ ? कस-कसले हाईजम्प दियौ ? कसले लिफ्टको गिफ्ट लियौ ?

जसरी आजकल टी. भी. मा चारैतर्फ एक स्थानको चित्र स्पष्ट देखिन्छ, त्यस्तै मधुवन पनि टी. भी. स्टेशन हो । चारैतर्फ टी. भी. को सेट लागेका छन् । जस्तै आजकाल विज्ञानका साधनहरूद्वारा संकल्पहरूको गति वा मनको स्थितिलाई जाँच्न सकिन्छ, त्यस्तै मधुवन निवासीहरूको संकल्पको गति वा मानसिक स्थिति चारैतर्फ फैलिन्छ । त्यसैले हरेक संकल्पमा समेत ध्यान होस्, यसमा लापरवाही हुनुहुँदैन । मधुवन निवासीले मधुवनमा बसेर पनि कुनै प्रकारको विशेष संकल्पद्वारा भाइब्रेशन फैलाउन चाह्यौ भने यस एक स्थानमा बसेर पनि चारैतर्फ फैलाउन सक्छौ । जस्तै स्थूल वस्तुको सुगन्ध चारैतर्फ स्वतः फैलिन्छ त्यस्तै यो भाइब्रेशन संकल्पद्वारा चारैतर्फ स्वतः फैलियोस् । मधुवन निवासीहरूको यो विशेष सेवा छ । जस्तै मधुवनमा विशेष भट्ठी गऱ्यौ भने भाइब्रेशन चारैतर्फ पुग्छ नि । चाहे पत्रद्वारा समाचार नगए पनि सूक्ष्म भाइब्रेशन मधुवनको धेरै सहज चारैतर्फ फैलिन सक्छ । कारोबार छ कर्मद्वारा कर्मणा सेवाको तर त्यसको साथ-साथै मनसा सेवाको पनि जिम्मेवारी छ ? बापदादा त वर्षको रिजल्ट हेर्न आउनुभएको छ । जो सदा समीप रहन्छन् उनीहरू पास विद अनर कहाँसम्म बनेका छन् ? जो महान् आत्माहरूसँग रहन्छन्, साकारमा पनि समीप छन् र स्थान पनि महान् छ, यस्ता आत्माहरूको प्रारब्ध के बन्छ ? शास्त्रहरूमा पनि

मधुवनको महिमा विशेष गायन गरिएको छ । त्यसैले मधुवन निवासी हर कुरामा विशेष आत्मा, हर समय कुनै विशेषता देखाउनेवाला हुन्, जुन ग्रुप आए पनि उनीहरूले यो अनुभव गरून्– मधुवन निवासीहरूमा यो विशेषता थियो, मधुवन स्वर्गमा हरेक आत्मा सदा तृप्त आत्मा सम्पन्न स्वरूप थिए ।

यसको आधार हो सदा एक लक्ष्य होस्– मलाई दाताको बच्चा बनेर सबै आत्माहरूलाई दिनु छ, न कि लिनु छ । उसले गऱ्यो भने म गर्छु, होइन । हरेकले दातापनको भावना राखेमा सबै दिनेवाला अर्थात् सम्पन्न आत्मा हुनेछौ । सम्पन्न भएनौ भने दिन पनि सक्दैनौ । त्यसैले जो सम्पन्न आत्मा हुन्छ, ऊ सदा तृप्त आत्मा अवश्य हुन्छ । म दिनेवाला दाताको बच्चा हुँ, दिनु नै लिनु हो । जति दिइन्छ त्यति प्राप्त गरिन्छ । प्राक्टिकलमा लिनेवाला होइन, दिनेवाला बन्नु छ । दातापनको भावनाले सदा निर्विघ्न, इच्छा मात्रम् अविद्याको स्थितिको अनुभव गराउँछ । सदा एकै लक्ष्य तर्फ नै दृष्टि रहोस् । त्यो लक्ष्य हो बिन्दु । एक लक्ष्य अर्थात् बिन्दु तर्फ सदा देख्नेवाला । अन्य कुनै पनि कुराहरूलाई देखेर पनि नदेख । दृष्टि एकै बिन्दु तर्फ नै होस् । जस्तै यादगार रूपमा पनि देखाइएको छ– माछा तर्फ दृष्टि नभएर आँखाको पनि बिन्दुमा थियो । माछा भयो विस्तार अनि सार हो बिन्दु । त्यसैले विस्तारलाई नहेरेर सार अर्थात् एक बिन्दुलाई देख । यसैगरी यदि कुनै पनि कुराहरूको विस्तारलाई देख्यौ भने विघ्नहरूमा आउँछौ अनि सार अर्थात् बिन्दु रूप स्थिति बनेपछि फुलस्टप अर्थात् बिन्दु लाग्छ । कर्ममा पनि फुलस्टप अर्थात् बिन्दु । स्मृतिमा पनि बिन्दु अर्थात् बीजरूप स्थिति हुन जान्छ । यो विशेष अभ्यास गर्नु छ । विस्तारलाई देखेर पनि नदेख्ने, सुनेर पनि नसुन्ने– यो अभ्यास अहिलेदेखि चाहिन्छ, तब अन्तिम समयमा जब चारैतर्फ हलचलको धेरै दुःखदायी आवाज हुन्छ, अति भयानक दृश्य हुन्छ, त्यसमा पास हुन सक्नेछौ । अहिलेका कुराहरू त त्यसको तुलनामा केही पनि होइनन् । यदि अहिलेदेखि देखेर पनि नदेख्ने, सुनेर पनि नसुन्ने– यो अभ्यास भएन भने अन्तमा त्यस विकराल दृश्यलाई देख्दा एक घडीको परीक्षामा सदाको लागि फेल हुनेछौ । त्यसैले यो पनि विशेष अभ्यास हुनुपर्छ । यस्तो स्थिति होस् जसमा साकार शरीर पनि आकारी रूपमा अनुभव होस् । जसरी आकार रूपमा देख्यौ, साकार शरीर पनि आकारी फरिश्ता रूप अनुभव गऱ्यौ नि । हिंड्दा-डुल्दा कार्य गर्दा आकारी फरिश्ता अनुभव गर्दथ्यौ । शरीर त त्यही थियो, तर स्थूल शरीरको भान हटेको हुनाले स्थूल शरीर भएर पनि आकारी रूप अनुभव गर्थ्यौ । त्यसैले यस्तो अभ्यास तिमीहरू सबैको होस् । कर्मेन्द्रियद्वारा कर्म भइरहेको होस् साथै मनसा शक्तिद्वारा वायुमण्डल शक्तिशाली, स्नेह सम्पन्न, सबैको सहयोगको भाइब्रेशन फैलिएको होस् । जुन स्थानमा जाँदा पनि यो फरिश्ता रूप देखियोस् । कर्म गरिरहेका छौ तर एकै समयमा कर्म र मनसा दुवै सेवाको सन्तुलन होस् । जस्तै शुरू-शुरूमा यो अभ्यास गराइएको थियो, कर्म साधारण भए पनि स्थिति यस्तो महान् होस् जसले गर्दा साधारण काम गर्दा पनि साक्षात्कारमूर्त देखियोस् । कुनै पनि स्थूल कार्य धोबीघाट वा सफाई आदिको कार्य गरिरहेका छौ, भण्डाराको कार्य गरिरहेका छौ, स्थिति यस्तो महान् होस् । यस्तो पनि समय प्राक्टिकलमा आउनेछ, देख्नेहरूले यही वर्णन गर्नेछन् कि यति महान् आत्माहरू, फरिश्ता रूप तर कार्य के गरिरहेका छन् ! कार्य साधारण तर स्थिति अति श्रेष्ठ । जस्तो सत्ययुगी राजकुमारीहरूका आत्माहरू जब आउँथे तब त्यो भविष्यको रूप प्राक्टिकलमा देखेर आश्चर्य मान्थे, यति ठूला महाराजाहरू तर कार्य भने के गरिरहेका छन् । विश्व महाराजा, भोजन बनाइरहेका छन् । त्यस्तै पछि आउने आत्माहरूले वर्णन गर्नेछन्– हाम्रा यति श्रेष्ठ पूज्य इष्टदेवले यस्तो कार्य गरिरहेका छन् ? हिंड्दा-डुल्दा इष्टदेव वा देवीको साक्षात्कार स्पष्ट देखियोस् । अन्तमा पूज्य स्वरूप प्रत्यक्ष देख्नेछन्, फरिश्ता रूप प्रत्यक्ष देखिन थाल्नेछ । जस्तै कल्प पहिलाको गायन छ अर्जुनको– साधारण साथी रूप पनि देखे तर वास्तविक रूपको साक्षात्कार गरेपछि वर्णन गरे, हजुर के हुनुहुन्छ ! यति महान् तर त्यो साधारण साथी रूप ! यसैगरी तिम्रो पनि साक्षात्कार हुनेछ, हिंड्दा-डुल्दा । दिव्य दृष्टिमा गएर देख्नु त्यो कुरा अर्कै हो । जसरी शुरूमा हिंड्दा-डुल्दा देखिरहन्थ्यौ । यो ध्यानमा गएर देख्ने कुरा हैन । जसरी एक साकार बाबाको आदिमा अनुभव गऱ्यौ, त्यस्तै अन्तमा अब सबैको साक्षात्कार हुनेछ । यो साधारण रूप गायब हुनेछ, फरिश्ता रूप वा पूज्य रूप देख्नेछन् । जसरी शुरूमा आकारी ब्रह्मा र श्रीकृष्णको साथ-साथै साक्षात्कार हुन्थ्यो । त्यस्तै अब यो साधारण रूप देख्दा पनि नदेखियोस् । तिम्रो पूज्य देवी वा देवता रूप वा फरिश्ता रूप देखियोस् । तर यो तब हुन्छ जब तिमीहरू सबैको पुरुषार्थ देखेर पनि नदेख्ने हुन्छ,

अनि मात्र अनेक आत्माहरूलाई पनि तिमी महान् आत्माहरूको यो साधारण रूप देखेर पनि देखिदैन । आँखाले हेर्दा हेर्दै एक सेकेण्डमा साक्षात्कार हुनेछ । यस्तो स्थिति बनाउनका लागि विशेष अभ्यास बताएँ– देखेर पनि नदेख्ने, सुनेर पनि नसुन्ने । एउटै कुरा सुन र एक बिन्दुलाई नै देख । विस्तारलाई नदेखेर एक सारलाई देख । विस्तारलाई नसुनेर सदा सारलाई नै सुन, तब यो मधुवन जादूको नगरी बन्नेछ । सुन्यौ मधुवनको महत्त्व अर्थात् मधुवन निवासीहरूको महत्त्व ! अच्छा ।

रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते ।

मधुवनका बहिनीहरूसँग

मधुवनका शक्ति सेना अर्थात् विशेष आत्माहरूको सेना । हरेकले आफ्नो विशेषतालाई राम्रोसँग जान्दछौ । विशेषताको कारणले नै विशेष भूमिका निवासी बनेका छौ, यो खुशी रहन्छ ? अघिल्लो जन्मको खाता त हरेकको आ-आफ्नो छ जुन चुक्ता पनि भइरहन्छ तर साथ-साथै ड्रामा अनुसार कुनै न कुनै विशेषता पनि छ । जुन कारणले विशेष पार्ट मिलेको छ । सदा पुण्य भूमि र श्रेष्ठ आत्माहरूसँगको विशेष पार्ट छ, यो कम भाग्य होइन । जड चित्रहरूको मन्दिरका पुजारी पनि आफूलाई कति महान् सम्झिन्छन् । हुन् पुजारी, तर नशा कति रहन्छ ! किनकि सम्झिन्छन् मूर्तिको नजिक सम्बन्धवाला हुँ । त्यसैले जड चित्रहरूको पुजारीले यति धेरै नशा राख्छन्, यहाँ त पुजारीको त कुरै छैन । यहाँ त सम्पर्कमा रहनेवाला, सङ्गमा रहनेवाला सङ्गी, साथीहरूलाई कति नशा र खुशी हुनुपर्छ । ईश्वरीय परिवारमा आएका आत्मामा कुनै विशेषता नहोस्, यो हुन सक्दैन । त्यसैले आफ्नो विशेषतालाई जानेर त्यसलाई कर्ममा लगाऊ । जुन पनि गुण अथवा विशेषता छ, चाहे कर्मणाको गुण होस्, चाहे मधुरताको गुण होस्, स्नेहको होस् त्यसलाई कार्यमा लगाऊ । जसरी फलाम पारससँग छोएर पारस बन्छ, त्यस्तै एक गुण वा विशेषता सेवामा लगायौ भने सेवाको फल एकको लाख गुणा मिल्नाले त्यो एक विशेषता अनेक समयको फल दिन लायक बन्छ । जसरी एक बीज रोप्यो भने कति फल निस्किन्छ त्यस्तै एउटा पनि विशेषता कर्ममा लगाउनु अर्थात् धर्तीमा बीज रोप्नु हो । बुझ्यौ कति भाग्यशाली छौ ? ब्राह्मण परिवारमा जन्म भएपछि जन्मको साथ-साथै कुनै विशेषताको भाग्य साथ लिएर आएका छौ । केवल अन्तर यो हुन जान्छ– त्यसलाई कार्यमा कति लगाउँछौ । जन्मको भाग्य हो तर भाग्यलाई कर्म वा सेवामा लगायौ भने अनेक समयको भाग्यको फल मिल्छ, बीज रोप्ने यो तरिका आउनुपर्छ । फल त अवश्य निस्कनेछ । बीज रोप्नु अर्थात् विशेषता रूपी बीजलाई सेवामा लगाउनु । यहाँ त सबै सदा भाग्यको तख्तनशीन छन् । जुन भाग्यको लागि कल्प पहिलाको यादगारमा पनि अहिलेसम्म एक सेकेण्ड नजिक रहनुलाई महान् भाग्य सम्झिन्छन् । त्यसैले जो प्राक्टिकलमा छन् उनीहरूको खुशी, उनीहरूको भाग्य कति श्रेष्ठ छ । श्रेष्ठतालाई सम्मुख राख्यौ भने व्यर्थ कुराहरू समाप्त भएर जान्छ । अच्छा ।

वरदानः– **मायाको विकराल रूपको खेललाई साक्षी भएर हेर्नेवाला मायाजित भव**

मायालाई स्वागत गर्नेवाला उसको विकराल रूपलाई देखेर आत्तिदैन । साक्षी भएर खेल हेर्नमा आनन्द आउँछ किनकि मायाको बाहिरबाट सिंहको रूप हुन्छ तर त्यसमा तागत बिरालोको जति पनि हुँदैन । केवल तिमी डराएर त्यसलाई ठूलो बनाइदिन्छौ– के गरूँ... कसरी होला... । यही पाठ याद गर– जे भइरहेको छ त्यो राम्रो र जे हुनेवाला छ त्यो झन् राम्रो । साक्षी भएर खेल देख्यौ भने मायाजित बन्नेछौ ।

स्लोगनः– जो सहनशील छ, ऊ कसैको भाव-स्वभावमा जल्दैन, व्यर्थ कुराहरूलाई एउटा कानले सुनेर अर्को कानबाट निकालिदिन्छ ।